**नेपाली / *NEPALI***

# विषय: भवन पहुँचमा प्रतिबन्ध फेब्रुअरी ८ देखि प्रभावकारी हुने; परीक्षणका अपडेटहरू

*यो सन्देशमा समेटिएको छ*

- *भवन पहुँच प्रतिबन्धको लागि नयाँ प्रभावकारी मिति: सोमबार, फेब्रुअरी ८*
- *परीक्षणका अपडेटहरू*
- *सम्झना दिलाउने जानकारी*
- *कसरी सहयोग पाउने*

२०२१ सालको वसन्त सेमेस्टरमा स्वागत छ। प्रत्येक हप्ता, हामी विस्तारित *COVID-19* परीक्षण आवश्यकताहरूका बारेमा क्याम्पस समुदायलाई अपडेट गर्दैछौं।

गएको हप्तामा मात्र, नयाँ कार्यक्रम अन्तर्गत २०,००० भन्दा बढी परीक्षणहरू पूरा भए, जसले क्याम्पसमा नयाँ रेकर्ड कायम गऱ्यो। यी नयाँ उपायहरूमा तुरुन्त प्रतिक्रिया दिनको लागि तपाईंले जे गरिरहनु भएको छ त्यसको लागि हामी तपाईंहरू प्रति धन्य छौं। बलियो प्रतिक्रियाको कारण, तपाईंले आवश्यक जानकारी र समर्थन पाउन सुनिश्चित गर्नका लागि हामीले प्रक्रियामा थप बदलहरू ल्याएका छौं।

## यी बदलहरू हुन्:

- **भवन पहुँच सम्बन्धित *Badger Badge* का प्रतिबन्धहरू सोमबार फेब्रुअरी १ बाट सोमबार, फेब्रुअरी ८ मा सर्नेछ।** तपाईंले यस समयमा परीक्षणमा भाग लिन जारी राख्नुपर्दछ, तर यो सरेको मितिले तपाईंको पोजिटिभ नभएसम्म र र अलग्ग वा क्वारेन्टाइनमा बस्नु परेको छैन भने तपाईंले क्याम्पस परिसरहरू भित्र जाने लचिलोपन प्रदान गर्दछ।

- थप कर्मचारीहरू राखेर तपाईंको नतिजा चाँडै दिनका लागि हामी प्रयोगशालासँगै मिलेर काम गर्दैछौं। **हाम्रो लक्ष्य नतिजाहरू २४ घण्टा भित्र फर्केर आउन्** भन्ने हो र हामी त्यो लक्ष्य सकेसम्म छिटो पूरा गर्न चाहन्छौं।

यो हप्ता क्याम्पसमा आउनुहुनेहरूले भवनका ढोकाहरूमा *Badger* स्वास्थ्य दूतहरू (*Badger Wellness Ambassadors*) भेट्टाउनेछन्। यी तालिम पाएका कर्मचारीहरूले अहिले शुरू हुने अवधिमा *Badger Badges* देखाउन अनुरोध गर्न थालेका छन्। **तर, तपाईंको *Badger Badge* आधारित भवन पहुँच प्रतिबन्ध फेब्रुअरी ८ सम्म शुरू हुनेछैन।** यस हप्ता अर्को नयाँ कुरा, क्याम्पसले *COVID-19* परीक्षण स्थलहरूमा जहिले पनि जान मिल्ने (*drop-in*) प्रणाली शुरू गरेको छ। हामी विश्वास गर्दछौं कि यसले पर्खने समय घटाउनेछ र हामी तपाईंलाई *Safer Badgers app* मा देखाए अनुसारको छोटो पर्खने समय भएको परीक्षण स्थल मा जान प्रोत्साहित गर्दछौं।

यी बदलहरू महत्त्वपूर्ण छन्, र हामीले बुझेका छौँ कि यी चुनौतिका साथ आएका छन्। प्रतिक्रियाहरू सुन्ने प्रक्रियामा सुधार गर्ने हाम्रो क्रममा, हामी सबैको धैर्यताको अनुरोध गर्दछौं र हामी सबैको वसन्त सेमेस्टरको सुरक्षा प्रतिबद्धताको कदर गर्दछौं।

हामी विशेष गरी हाम्रो ग्राहक सेवा हेल्पलाइनहरूमा, हाम्रो निवास हलहरूमा, र यी नयाँ स्वास्थ्य र सुरक्षा प्रोटोकलहरू शुरू गर्न पर्दा पछाडिबाट अविश्वसनीय रूपमा परिश्रम गरिरहेका कैयौँ विद्यार्थी कर्मचारीहरू लगायत सबै कर्मचारीहरूका साथ

कृतज्ञ छौं। हामी उनीहरूलाई उनीहरूको समर्पण र लगनशीलताका लागि धन्यवाद दिन चाहन्छौं, र हामी क्याम्पस समुदायका सदस्यहरूलाई कृपया उनीहरूले तपाईंलाई सहयोग गर्ने क्रममा धैर्य र दयालु हुन आग्रह गर्दछौं।

## भवन पहुँच

- फेब्रुअरी ८ देखि तपाईं भवनहरूका ढोकामा बसेका तालिम पाएका कर्मचारीहरूलाई देखाएर कुनै पनि क्याम्पसका भवन भित्र जान चाहनु हुन्छ भने, तपाईंको *Safer Badgers* को *Badger Badge* **हरियो "भवन पहुँच भएको (*building access granted*)" स्थितिमा हुनुपर्नेछ।**

- **तपाईंको ब्याज हरियो स्थितिमा रहनेछ यदि:** गएको आठ दिन भित्रमा तपाईंको परीक्षणमा नेगेटिभ नतिजा आयो; अगेको १० दिन भित्रमा परीक्षणमा पोजिटिभ नतिजा आएको छैन; अलग्ग वा क्वारेन्टाइनमा बस्नुपर्ने छैन; र तपाईं आफैँले *COVID-19* को लक्षणहरू रिपोर्ट गर्नुभएको छैन।

- लाईनहरू हुनबाट रोक्न, हामी तपाईंलाई ढोका पुग्नु अघि **आफ्नो *Badger Badge* देखाउन तयार राख्न** प्रोत्साहन गर्दछौं।

- तालिम पाएका कर्मचारीहरूले सबै भन्दा बढी ओहोर दोहोर हुने र सबै भन्दा बढी व्यक्तिगत-रूपमा कक्षा र गतिविधिहरू हुने मुख्य क्याम्पसको भवनहरूमा निगरानी राख्दै छन्। थप रूपमा, क्याम्पस बाहिर र म्याडिसन क्षेत्र भित्र रहेका *UW–Madison* का अरू भवन र युनिटहरूले परीक्षण आवश्यकता अनुसार आफ्ना परिसरहरू भित्र जान मिल्ने कुरामा प्रतिबन्ध गर्न सक्नेछन्। यी अवस्थाहरूमा, **तपाईंले तपाईंको स्कूल, कलेज वा युनिटबाट निगरानीको बारेमा सञ्चार खोज्नुपर्नेछ।**

- **ठेकेदार र विक्रेताहरूले हाम्रो क्याम्पसको परीक्षण कार्यक्रममा भाग लिन सक्दैनन्।** निगरानी गरिएको भवनहरूमा, क्याम्पसमा व्यवसाय गर्न स्पष्ट रूपमा पहिचान गरिएको लुगा लगाएका पाहुनाहरू - जस्तै अमेरिकी हुलाक सेवा कर्मचारीहरू, *FedEx* कर्मचारीहरू, विक्रेताहरू र ठेकेदारहरू, साथ साथै पुलिस र आपतकालीन उत्तरदाताहरूले *Badger Badge* नदेखाइ भवनहरू प्रवेश गर्न सक्नेछन्। उनीहरूले क्याम्पसको सबै स्वास्थ्य प्रोटोकलहरूको पालना गर्नुपर्नेछ, जसमा मास्क लगाउने र भौतिक दूरी कायम राख्ने कुराहरू समावेश छन्। व्यवसायको कामले आएका पहिचान गर्न मिल्ने लुगा नलगाएका बोलाईएका पाहुनाहरूलाई क्याम्पसका काम भएका व्यक्तिसँग (वा नियुक्त गरिएको व्यक्ति) यात्रा गनुपर्नेछ। पाहुना बोलाएका व्यक्ती पाहुनाले क्याम्पसका सबै स्वास्थ्य प्रोटोकलहरू पालना गरेको सुनिश्चित गर्न जिम्मेवार छन्।

## परीक्षण

- हाम्रो क्याम्पस समुदाय र *COVID-19* परीक्षण स्थलका कर्मचारीहरूको प्रतिक्रियाको कारण हामीले हाम्रो क्याम्पस परीक्षण स्थलहरू जहिले पनि जान मिल्ने (*drop-in*) मात्रमा बदलेका छौं। **यसको मतलब तपाईंले परीक्षणको लागि समय बनाउनु पर्ने छैन।** (यस समयमा, नाकबाट नमूना निकाल्ने परीक्षणका स्थलहरू केबल आवास हलका विद्यार्थीहरू र मेडिकल सहायता पाएका व्यक्तिको लागि खुला छन्।)

- परीक्षणको कुनै समयको लागि *Safer Badgers app* चलाउनु भन्दा तपाईंले अब तपाईंले परीक्षण गर्ने दिनमा कुन परीक्षण स्थलहरूमा पर्खने समय छैन हेर्नको लागि चलाउनुहुनेछ। तपाईंको *app* मा तपाईंले रङ्ग अनुसारको पर्खने समय देख्नुहुनेछ। **यसले तपाईंको आवश्यकता अनुसार तपाईंले रोजेको समय र स्थल रोज्न अझै लचिलोपन प्रदान गर्दछ।**

- बिहीबार, जनवरी २८ देखि ***Health Science Learning Center (HSLC)* परीक्षण स्थललाई अस्थायी रूपमा बन्द गर्नेछौं**। सामान्यतया *HSLC* स्थल छनौट गर्नेहारूले नजिकैको *Nielsen Tennis Stadium* को स्थल वा अरू कुनै पनि स्थलमा जान सक्नेछन्। हामी यस असुविधाको लागि अग्रिम रूपमा माफी चाहन्छौं। *HSLC* स्थल फेब्रुअरी १५ मा फेरि खोल्ने योजना छ।

- थुकको सफल नमूना दिने तरिकाको लागि यो छोटो भिडियो हेर्नुहोला वा परीक्षण स्थलमा चरणबद्ध प्रक्रियाको लागि यो फोटो ग्यालेरी हेर्नुहोला।

## सम्झना दिलाउने जानकारी

- विश्वविद्यालयको *COVID-19 dashboard* **ले क्याम्पस समुदाय र सर्वसाधारणलाई** हालका *UW–Madison* संकाय, कर्मचारी र विद्यार्थीहरूको परीक्षणको नतिजाको **जानकारी प्रदान गर्दछ।** दैनिक अवस्था र साप्ताहिक संक्षिप्त जानकारीको लागि *dashboard* हेर्न सक्नुहुन्छ।

- **तपाईंको *Safer Badgers app* लाई अपडेट गरीरहनुहोस् र याद गर्नुहोस् कि स्थिर ईन्टरनेट महत्त्वपूर्ण छ।** स्थिर ईन्टरनेट हुँदा तपाईंको *Badger Badge* वा अन्य स्क्रीनहरू पछि चलाउनको लागि खुला राख्न सक्नुहुन्छ।

## कसरी सहयोग पाउने

- यो बिहिबार बेलुकी ५ देखि ६ बजे सम्म ***COVID-19* को जानकारी बैठक हेर्नुहोस्।** यो बैठक कर्मचारी, कर्मचारी, विद्यार्थी, अभिभावक र परिवार सहित सारा क्याम्पस समुदायको लागि बनाइएको छ। यो फोरम *YouTube* बाट हेर्नुहोला।

- **दर्जनौं धेरै सोधिएका प्रश्नहरूको जवाफ** हाम्रो *FAQ* वेबसाईटमा फेला पार्न सकिन्छ। तपाईं श्रोताहरू वा विषयको वा खोज प्रकार्य प्रयोग गरेर प्रश्नहरू फिल्टर गर्न सक्नुहुन्छ।

- **यदि तपाईंसँग** *FAQs* ले सम्बोधन नगरेको **प्रश्न छ** भने तपाईंले covidresponse@vc.wisc.edu मा ईमेल गर्न सक्नुहुन्छ वा *UW–Madison COVID-19* सहायता लाइनमा (*Assistance Line*) (608) 262-7777 फोन गर्न सक्नुहुन्छ। कर्मचारीहरू सोमबार देखि शुक्रबार बिहान ७ बजे देखि बेलुकी ८ बजेसम्म; शनिबार बिहान ७ बजे देखि बेलुकी ५ बजेसम्म र आइतबार बिहान ८ बजे देखि बेलुकी ५ बजेसम्म उपलब्ध छन्।

अपडेटको लागि *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला। धन्यबाद र २०२१ सालको वसन्त सेमेस्टर राम्रोसँग शुरू गर्नुहोला।